# लक्ष्मीनियाँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल

मितिः-२०७९/०५/२७

**विषय : राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता अभियान सम्बन्धमा ।**

राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता अभियान यस लक्ष्मीनियाँ गाउँपालिका अन्तर्गत मिति २०७९/०५/२८ गतेबाट सञ्चालन हुन गईरहेकोले यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण गाउँबासीहरुले निम्नानुसारको समय तालिका अनुसार यसै सूचना साथ संलग्न आवश्यक कागजातहरुको सूची बमोजिमको आवश्यक कागजात सहित उल्लिखित स्थानमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल :-

| सि.नं. | वडा नं. | सम्पर्क राख्ने मिति | | कैफियत |
|---|---|---|---|---|
| १. | वडा नं.१ | २०७९/०५/२८ देखि | २०७९/०६/०४ सम्म | विहान १०:०० बजे देखि दिउँसो ४:०० बजे सम्म |
| २. | वडा नं.२ | २०७९/०६/०५ देखि | २०७९/०६/१२ सम्म | |
| ३. | वडा नं.३ | २०७९/०६/१३ देखि | २०७९/०६/२६ सम्म | |
| ४. | वडा नं.४ | २०७९/०६/२७ देखि | २०७९/०७/०२ सम्म | |
| ५. | वडा नं.५ | २०७९/०७/०३ देखि | २०७९/०७/१७ सम्म | |
| ६. | वडा नं.६ | २०७९/०७/१८ देखि | २०७९/०७/२४ सम्म | |
| ७. | वडा नं.७ | २०७९/०७/२५ देखि | २०७९/०८/०१ सम्म | |

**स्थान :- लक्ष्मीनियाँ जनता प्रा.वि., कुम्हरौडा, वडा नं.७ (पोखरीको डिलमा)**

पुनश्च :-अत्यावश्यक परेका सेवाग्राहीको हकमा तपसिलमा उल्लेखित प्रमाणित कागजातहरुको आधारमा मात्र तोकादेश मार्फत बेलुका ४:०० देखि ५:०० बजे सम्म आकस्मिक सेवा प्रदान गरिने समेत यसै सूचना मार्फत सम्पूर्णमा सूचित गरिन्छ ।

**तपसिलः-**

**वैदेशिक रोजगारीको लागि जानेहरुः**

१.प्लेन टिकटको प्रतिलिपि २.भिसाको प्रतिलिपि ३.पासपोर्टको प्रतिलिपि

**भारत बाहेकका देशमा अध्ययनरत विद्यार्थीहरुको लागि :**

१.कलेजको परिचयपत्रको प्रतिलिपि २.पासपोर्टको प्रतिलिपि ३.प्लेनको टिकटको प्रतिलिपि

**MD/MS लगायत चिकित्सा शिक्षा आयोगको परीक्षामा सम्मिलित हुनेको हकमा :**

१. सम्बन्धित परिषद्बाट प्राप्त गरेको लाईसेन्स परिचयपत्र

२. भर्ना सम्बन्धी सूचनाको प्रतिलिपि ३. निवेदन

प्रमुख प्रशासकीय अधिकृत
भगेन्द्र यादव

प्रमुख प्रशासकीय अधिकृत

# राष्ट्रिय परिचय पत्र बनाउन आवश्यक कागजातहरु

१) नेपाली नागरिकताको सक्कल

निम्न अवश्थामा नागरिकताको प्रतिलिपि बनाउनु पर्नेछ।

- नागरिकता हराएको / च्यातिएको अवस्थामा
- नागरिकताको विवरण प्रष्ट बुझिने नभएमा
- नागरिकतामा फोटो प्रष्ट बुझिने नभएमा
- नागरितामा टास भएको होलोग्राम स्टिकर उक्किएर हराएको भएमा (२०५८ पछिको नागरिकतामा अनिवार्य स्टिकर हुनुपर्ने
- नागरिकतामा कुनै प्रकार को केरमेट गरिएको पाइएमा (केरमेट भएको ठाउमा अनिवार्य आधिकारिक हस्ताक्षर हुनुपर्ने)
- नागरिकतामा जारी मिति /जन्म मिति प्रष्ट नभएमा
  - नेपाली पात्रोमा नभएको मिती पाइएमा
  - राहदानी बनाएकोले राहदानीको अंग्रेजी मिति मिले नमिलेको अनिवार्य जाच्नुहोला

२) बिबाहित नागरिकको हकमा बिबाह दर्ता को सक्कल (२०४६ पछिका ले अनिवार्य बिबाह दर्ता नै पेस गर्ने)

नोट : (२०४६ अघिको बिबाह भए)

- श्रीमतीको नागरिकतामा श्रीमानको नाम उल्लेख भए श्रीमतीको नागरिकताको सक्कल वा
- छोरा/छोरीको जन्मदर्ता भए त्यसको सक्कल वा
- बसाइसराइ प्रमाणपत्र भए त्यसमा श्रीमान श्रीमती दुवैको नाम उल्लेख भए बसाइसराइ प्रमाणपत्रको सक्कल वा
- छोरा/छोरीको नागरिकतामा वुवा आमा दुवैको नाम उल्लेख भएमा त्यो नागरिकताको सक्कल वा
- वडाबाट श्रीमान श्रीमती भनि नाता प्रमाणित गरेको भए सो सिफारिसको सक्कल

३) अन्य स्थानबाट बसाई सराइ गरि आएको हकमा बसाईसराइ प्रमाणपत्रको सक्कल (२०४० पछि बसाइसराइ गरेकाले बसाईसराइ प्रमाणपत्रको सक्कल अनिवार्य त्यस अघिका ले बसाईसराईको सिफारिस पेस गर्ने)

४) श्रीमतीको मृत्यु भईसकेको पुरुपको हकमा श्रीमतीको मृत्युदर्ताको सक्कल

५) श्रीमानको मृत्यु भइसकेको महिलाको हकमा

- श्रीमानको मृत्युदर्ताको सक्कल वा विधवा भत्ता कार्डको सक्कल

६) सम्वन्धविच्छेद भईसकेको व्यक्तिको हकमा सम्वन्धविच्छेदको कागजातको सक्कल

# राष्ट्रिय परिचय पत्र बनाउन फोटो खिच्दा ध्यान पुर्याउनु पर्ने कुराहरु

## पुरुषको हकमा

- कानमा मुन्द्रा/टप लगाएको भए खोल्ने
- चश्मा निकाल्ने
- कपाल कालो बाहेक अन्य रंगको भए नेपाली ढाका टोपी लगाउने (अन्य कुनै टोपी लगाउन नपाउने)
- मफ्लर, गम्छा लगाएको भए हटाउने

## महिलाको हकमा

- चश्मा निकाल्ने
- कपाल कालो हुनुपर्ने
- अनुहारमा आवश्यकता भन्दा बढी मेकअप भए मुख धुन लगाउने
  - टिका हटाउने
  - गाजल पुछने
  - लिपस्टिक पुछने
  - कानको झुम्का हटाउने
  - नाकको फुली ठुलो भएमा हटाउने
  - धेरै मालाहरु लगाएको भए हटाउने ( एक पातलो पोते राख्न सकिने)